नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेश विज्ञप्ती

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०९/११को निर्णय अनुसार यस मन्त्रालयबाट प्रस्ताव भएको इराकमा काम गरिरहेका नेपाली श्रमिकहरुलाई श्रम स्वीकृति प्रदान गर्ने र नेपाली प्राविधिक अभ्यासार्थी कामदार जापान पठाउने निर्देशिका (JITCO) निर्देशिका, २०६६ खारेज गर्ने सम्बन्धी निर्णयका सम्बन्धमा आम सञ्चार माध्यम, वैदेशिक रोजगार व्यवसायी र सरोकारवाला नेपाली नागरिकमा भ्रम र अन्यौलता सिर्जना भएको विषयमा यस मन्त्रालयको ध्यान आकर्षण भएको छ ।

इराकमा श्रम स्वीकृति प्रदान गर्ने सम्बन्धी निर्णय नेपाल सरकारले इराकमा संस्थागत एवम् व्यक्तिगत रुपमा नयाँ कामदारको रुपमा जान खुला गरेको नभई इराकमा कार्यरत नेपाली श्रमिकहरुलाई नेपाल आएको वखतमा इराकको Residency Card र त्यहाँको वैधानिक भिषा देखाई वैदेशिक रोजगार ऐन र नियमावलीको अधीनमा रही श्रम स्वीकृति प्रदान गर्ने भन्ने विषय रहेको सरोकारवाला सबैलाई यस मन्त्रालय स्पष्ट पार्न चाहन्छ ।

यसैगरी नेपाली प्राविधिक अभ्यासार्थी कामदार जापान पठाउने निर्देशिका (JITCO) निर्देशिका, २०६६ खारेज गर्ने भन्ने सम्बन्धमा नेपाल र जापान सरकारबीच समझदारी भई संचालित कार्यक्रम Japan International Training Cooperation Organization (JITCO) सन् २०१७ देखि नै Technical Intern Trainee Program मा रुपान्तरण भई हाल संचालनमा रहेको, सोही कार्यक्रम मार्फत नै हाल अभ्यासार्थी कामदारहरु गइरहेको र सो कार्यक्रममा उल्लिखित निर्देशिका आवश्यक नहुने/नपर्ने हुँदा नेपाली कामदार पठाउन कुनै बाधा नगरेको विषय जानकारी गराइन्छ । साथै, नेपालबाट जापानमा कामदारका रुपमा लैजाने कार्यक्रम Specified Skilled Worker (SSW) पनि संचालनमा रहेको र यसैगरि सन् २०२७ वाट नेपाली श्रमिकहरुलाई जापान पठाउन नयाँ समझदारी Employment for Skill Development Program (ESDP) समेत मन्त्रालयले प्राथमिकताका साथ अगाडी बढाइरहेको हुदाँ जापान जान रोक वा कुनै अवरोध गर्ने नभई जापान जान चाहने नेपाली श्रमिकका लागि थप सहजीकरण हुने व्यहोरा सम्बन्धित सरोकारवाला सबैलाई जानकारी गराइन्छ ।

मितिः २०८२/०९/१४
नेपाल संवतः ११४६ पोहेलाथ्व नवमी

(पिताम्बर घिमिरे)
सहसचिव/प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेब साईट:- www.moless.gov.np